आज मिति २०७८ साल पौष १९ गतेको गाउँ कार्यपालिका बैठकको निर्णय

**प्रस्तावित विषयहरुः-**

१. समीक्षा सम्बन्धमा।

२. कर्मचारी पदपूर्ति सम्बन्धमा।

३. करार म्याद थप सम्बन्धमा।

४. फाईबर ईन्टरनेट ठेक्का सम्बन्धमा।

५. अर्थिंग योजना सम्बन्धमा।

६. युवा स्वरोजगार तालिम सम्बन्धमा।

७. जिल्ला समन्वयबाट प्राप्त रकम सम्बन्धमा।

८. गाउँ सभा सम्बन्धमा।

९. प्रतिवेदन सम्बन्धमा।

१०. सडक मर्मत सम्बन्धमा।

११. शुरक्षित गर्भपतन सम्बन्धमा।

१२. आँखा किल्निक व्यवस्थापन समिति सम्बन्धमा।

१३. सार्वजनिक सुनुवाई सम्बन्धमा।

१४. रकमान्तर सम्बन्धमा।

१५. विविध सम्बन्धमा।

**निर्णयहरुः-**

**१. निर्णय नं. १,** प्रस्ताव नं. १ माथि आवश्यक छलफल गर्दा यस लिखु गाउँपालिकाको विगतका कार्यपालिकाको बैठकका निर्णयहरु क्रमशः प्रभावकारी रुपमा कार्यान्वयन भई रहेको अवस्थामा अझ यसलाई थप प्रभावकारी बनाउन सरोकारवाला पक्षहरु बीचमा समन्वय गरी कार्यान्वयन गर्ने सर्वसम्मतबाट निर्णय गरियो।

२. **निर्णय नं. २,** प्रस्ताव नं. २ माथि आवश्यक छलफल गर्दा वडा नं. ६ को स्वास्थ्य चौकी, गाम्नांटारको स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम अन्तर्गतको स्टाफ नर्स, पाँचौ तह रिक्त रहेको हुँदा करार सेवामा पदपूर्ति गर्न सूचना आव्हान गरी पदपूर्ति प्रकृया अगाडि बढाउने सर्वसम्मतबाट निर्णय गरियो ।

३. **निर्णय नं. ३,** प्रस्ताव नं. ३ माथि आवश्यक छलफल गर्दा यस गाउँ कार्यपालिकाको कार्यालय तथा मातहतका कार्यालयमा कार्यरत करार सेवाका कर्मचारीहरुको पुस मसान्तमा करार म्याद समाप्त हुने भएकोले २०७८ साल असार मसान्त सम्म करार म्याद थप गर्ने सर्वसम्मतबाट निर्णय गरियो ।

४. **निर्णय नं. ४,** प्रस्ताव नं. ४ माथि आवश्यक छलफल गर्दा ग्रामिण दूरसञ्चार विकास कोष प्रयोग गरी यस गाउँपालिका भरीका सामूदायिक विद्यालयहरु, स्वास्थ्य चौकीहरु, वडा कार्यालयहरु तथा गाउँ कार्यपालिकाको कार्यालयमा ब्रोडब्याण्ड ईन्टरनेट सेवा पुर्याउन नेपाल दुरसञ्चार प्राधिकरण, काठमाडौं र यस लिखु गाउँपालिका, ओखलढुंगा बीच मिति २०७८/०२/२१ गतेको समझदारी पत्र अनुसार, दुरसञ्चार प्राधिकरणबाट रु. ५९,८६,२४०।०० बजेटको व्यवस्थापन भएको साथै गाउँपालिकाले वडा कार्यालय, स्वास्थ्य संस्था तथा बिद्यालयका लागि ईन्टरनेट जडान लागत साझेदारी शिर्षकमा रु. १५,००,०००।०० रकम विनियोजन गरेको हुँदा, एकमुष्ट रकम रु. ७४,८६,२४०।०० को लागतमा अनुदान (Subsidy) मा आधारित ठेक्का आव्हान गर्ने सर्वसम्मतबाट निर्णय गरियो ।

५. **निर्णय नं. ५,** प्रस्ताव नं. ५ माथि आवश्यक छलफल गर्दा यस आ.व. को स्वीकृत कार्यक्रम चट्यांगबाट सुरक्षाका लागि अर्थिंग जडान योजनामा विनियोजित बजेट रु. ८,००,०००।०० को लागत अनुमान तयार गर्दा विनियोजित बजेटबाट जम्मा ७ वटा स्थानमा मात्र अर्थिंग जडान कार्य गर्न सकिने देखिएको हुँनाले यस आर्थीक बर्षको कार्यक्रमबाट देहायको ७ वटा स्थानमा अर्थिंग जडान कार्य गर्नको लागि सिल्ड कोटेशन आव्हान गर्ने र बाकि वडा कार्यालय र चट्यांग पर्ने सक्ने सम्भावित स्थानमा आगामि आर्थिक बर्षमा बजेटको व्यवस्थापन गरी यस कार्यलाई निरन्तरता दिने सर्वसम्तबाट निर्णय गरियो ।

१. गाउँ कार्यपालिकाको कार्यालय परिसर,

२. वडा नं. १ को कार्यालय वरपर,

३. वडा नं. २ को कार्यालय वरपर,

४. वडा नं. ६ को कार्यालय वरपर,

५. वडा नं. ७ को कार्यालय वरपर,

६. वडा नं. ८ को कार्यालय वरपर,

७. वडा नं. ९ को कार्यालय वरपर ।

**६. निर्णय नं. ६,** प्रस्ताव नं. ६ माथि आवश्यक छलफल गर्दा आर्थिक बर्ष ०७८/७९ को स्वीकृत कार्यक्रम युवा स्वरोजगार तालिम अनुसार देहायका सहभागि संख्या वडा कार्यालयबाट छनौट गरी ड्राईभिंग तालिम कार्यक्रम वडा नं. १-५ सम्मको लागि वडा नं. २ को दाहालटार र वडा नं. ६-९ सम्मको लागि वडा नं. ७ को पोखरी चौरमा सञ्चान गर्ने सर्वसम्मतबाट निर्णय गरियो ।

| वडा कार्यालय | सहभागि संख्या | वडा कार्यालय | सहभागि संख्या |
|---|---|---|---|
| १ | ४ | ६ | ४ |
| २ | ४ | ७ | ४ |
| ३ | ५ | ८ | ५ |
| ४ | ४ | ९ | ६ |
| ५ | ४ | जम्मा | ४० |

**७. निर्णय नं. ७,** प्रस्ताव नं. ७ माथि आवश्यक छलफल गर्दा जिल्ला समन्वय सभाबाट प्राप्त रकम रु. २५,००,०००।०० देहाय अनुसार बजेटको दायरामा रही वडा समितिबाट योजना तर्जुमा गरी आगामि गाउँ सभामा पेश गर्ने सर्वसम्मतबाट निर्णय गरियो ।

१. प्रत्येक वडा कार्यालयबाट सञ्चालन गर्ने योजनाको लागि रु. २,००,०००।०० को दरले १८,००,०००।०० (अठार लाख) ।

२. सामूदायिक आँखा केन्द्र भवन निर्माणको लागि रकम रु. ७,००,०००।०० (सात लाख) ।

**८. निर्णय नं. ८,** प्रस्ताव नं. ८ माथि आवश्यक छलफल गर्दा यस आर्थिक बर्ष ०७८/७९ को हिउँदे गाउँ सभा अधिवेशन मिति २०७८/०९/२८ र २९ गते सञ्चालन गर्ने सर्वसम्मतबाट निर्णय गरियो ।

**९. निर्णय नं. ९,** प्रस्ताव नं. ९ माथि आवश्यक छलफल गर्दा आसन्न गाउँ सभामा पेश तथा प्रस्तुतको प्रयोजनार्थ गाउँ कार्यपालिका अन्तर्गतका कार्यपालिका समिति, वडा कार्यालय, शाखा, उपशाखा, ईकाई

तथा कार्यलयबाट आर्थिक बर्ष ०७८/७९ को हालसम्मको कार्य प्रगति प्रतिवेदन मिति २०७८/०९/२७ गते सम्म सचिवालयमा दर्ता गराउने सर्वसम्मतबाट निर्णय गरियो ।

१०.**निर्णय नं. १०,** प्रस्ताव नं. १० माथि आवश्यक छलफल गर्दा वडा स्तरीय तथा पालिका स्तरीय सडक मर्मत वापत खर्च भएको रकम सन्दर्भमा लगत ईस्टिमेट तथा मूल्यांकनको आधारमा नियमानुसार भुक्तानि गर्ने व्यवस्था मिलाउने सर्वसम्मतबाट निर्णय गरियो ।

११.**निर्णय नं. ११,** प्रस्ताव नं. ११ माथि आवश्यक छलफल गर्दा यस गाउँपालिका अन्तर्गत स्वास्थ्य चौकी यसममा सुरक्षित गर्भपतन सेवा दिने तालिम प्राप्त कर्मचारी देवी लुईटेल रहेकोले स्वास्थ्य चौकी यसमलाई सेवा प्रदान गर्नको लागि संस्था सूचीकरणको लागि स्वीकृति प्रदान गर्ने सर्वसम्मतबाट निर्णय गरियो ।

१२.**निर्णय नं. १२,** प्रस्ताव नं. १२ माथि आवश्यक छलफल गर्दा लिखु ग्रामिण आँखा किल्निक सञ्चालनको लागि देहाय बमोजिमको व्यवस्थापन समिति निर्माण गरी आखाँ केन्द्र सञ्चालन तथा व्यवस्थापन लागि आवश्यक कार्य गर्न अख्तियारी प्रदान गर्ने सर्वसम्मतबाट निर्णय गरियो ।

अध्यक्ष - शान्ता ढुंगेल (उपाध्यक्ष)

सदस्य - दिनानाथ चौधरी (स्वास्थ्य संयोजक)

सदस्य - गोपाल खड्का (वडाध्यक्ष)

सदस्य - रमा ढुंगेल (महिला समाजसेवी)

सदस्य सचिव - शिवशंकर प्रसाद शाह ( आँखा किल्निक ईन्चार्ज)

१३.**निर्णय नं. १३,** प्रस्ताव नं. १३ माथि आवश्यक छलफल गर्दा सार्वजनिक सुनुवाई कार्यक्रम सार्वजनिक सुनुवाईको विधि र प्रकृया अनुसार प्रत्येक वडा समितिले उपयुक्त समय निर्धारण गरि सञ्चालन गर्ने र सो कार्यको लागि खाजा खर्च वापतको रकम बार्षिक स्वीकृत कार्यक्रम सार्वजनिक सुनुवाई शिर्षकबाट व्ययभार हुने गरी व्यवस्थापन गर्ने सर्वसम्मतबाट निर्णय गरियो ।

१४.**निर्णय नं. १४,** प्रस्ताव नं. १४ माथि आवश्यक छलफल गर्दा देहाय बमोजिम रकमान्तर तथा शिर्षकान्तर गर्ने र आगामि गाउँ सभामा अनुमोदनको लागि पेश गर्ने सर्वसम्मतबाट निर्णय गरियो ।

| क्र.स. | कार्यक्रमको नाम | विनियोजित रकम | थप रकम | घट रकम | संशोधित बजेट |
|---|---|---|---|---|---|
| १ | पारिश्रमिक कर्मचारी | १,२०,००,०००।०० | ०।०० | ११,००,०००।०० | १,०९,००,०००।०० |

| | | | | | |
|---|---|---|---|---|---|
| २ | करार सेवा शुल्क | ८५,००,०००।०० | १०,००,०००।०० | ०।०० | ९५,००,०००।०० |
| ३ | घर भाडा | २,००,०००।०० | १,००,०००।०० | ०।०० | ३,००,०००।०० |
| ४ | भैपरी चालु खर्च | ५,००,०००।०० | ०।०० | ५,००,०००।०० | ०।०० |
| ५ | बिशिष्ट व्यक्ति तथा प्रतिनिधि मण्डलको भ्रमण खर्च | ६,००,०००।०० | ०।०० | ६,००,०००।०० | ०।०० |
| ६ | एम्बुलेन्स खरिद | ५,००,०००।०० | ७,००,०००।०० | ०।०० | १२,००,०००।०० |
| ७ | उद्दार राहात तथा पुनर्स्थापना खर्च | २,००,०००।०० | ३,००,०००।०० | ०।०० | ५,००,०००।०० |
| ८ | सार्वजनिक सुनुवाई कार्यक्रम | १५०,०००।०० | १,००,०००।०० | ०।०० | २,५०,०००।०० |
| | जम्मा | २,२६,५०,०००।०० | २२,००,०००।०० | २२,००,०००।०० | २,२६,५०,०००।०० |

**१५.निर्णय नं. १५,** मिति २०७८/०८/१५ गतेको कार्यपालिका बैठकको निर्णय नं. ८ मा भएको निर्णय माथि पुनःबिचार गरी आर्थिक बर्ष ०७८/७९ को साउन महिनादेखि नै सो निर्णयलाई लागु हुने गरी व्यवस्थापन गर्ने सर्वसम्मतबाट निर्णय गरियो।